नेपाल गजेट

भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आश्विन ३१ गते २०१२ साल

शिक्षाविभागको विज्ञप्ति

शि. म. ग.नं. १६५६ २७।६।०१२

हाम्रो नेपालमा आपनै विश्वविद्यालय स्थापना गर्न कदम उठाउनु पर्ने आवश्यक भएकोले विश्वविद्यालय स्थापना हुनु भन्दा अगाडी समस्त नेपालराज्य भरको हाई स्कूलसम्मको शिक्षा प्रणाली एवं त्रिसिमको गर्नु पर्ने शिक्षा आयोगको रिपोर्ट इत्यादिबाट पनि हुनिएको हुँदा हाल चार रुपमा बाँडिएको शिक्षा प्रणालीमध्ये संस्कृतलाई अलग छोडी नेपाली भाषा पाठशाला आधार शिक्षा स्कूल र अंग्रेजी स्कूलहरु समेत सबैको समन्वय गरी एकैरूपमा ढाल्न नयाँ शिक्षा प्रणाली गर्नु पर्ने आवश्यक भएकोले बुनियादी शिक्षाको साथै अंग्रेजी समेत पढाइने गरी एउटा नयाँ राष्ट्रिय शिक्षा प्रणालीको योजना लागू हुने सरकारबाट निर्णय भएकोछ । सो योजना

अनुसार हाल चालु भई रहेका एस.एल.सी.को पाठ्यक्रममा बुनियादी तालिमको विषयहरु पनि राखि केवल हाईस्कूल सम्म पढी कताई बुनाई आदि टेक्नीकल विषय लिई माध्यमिक शिक्षा व्यवस्थापन गर्न खोज्नेहरुलाई बुनियादी तालिम विषयहरु इच्छाधीन गरी बिना दिने र उच्च शिक्षा अध्ययन गर्न इच्छा बुझेहरुलाई उच्च शिक्षा अध्ययन गर्न जानेलाई उचित हुने नियमहरु समेत इच्छाधीन गरी राखी एस.एल.सी. को पाठ्यक्रममा मिलाएको छ। सो योजनानुसार योसालमा नै आधार हाईस्कूल मिडिल स्कूलसंग एकीकरण हुने पब्लिक अंग्रेजी हाई, मिडिल स्कूलहरु मध्ये क्रममा विभिन्न जिल्लाको ७ वटा हाईस्कूलहरु ६ वटा मिडिल स्कूलहरुलाई राष्ट्रिय करणगरी सो विद्यालयहरुको नाउँ राष्ट्रिय शिक्षालय राखिने भएको छ। ती राष्ट्रिय शिक्षालयहरुमा नयाँ शिक्षकहरु सरकारद्वारा नियुक्त हुने छन्।

आगामी सालको निम्ति आधार स्कूलहरुसंग समन्वय भई राष्ट्रियकरण हुने स्कूलहरुको संख्या १२ रहेको छ। त्यसको अनुपातमा जिल्लाको दरकार हेरी थप राष्ट्रिय मिडिल स्कूलहरु पनि खडा हुने भएका छन्।

उपर्युक्त राष्ट्रिय शिक्षालयहरुमा मिल्न बाँकि रहेका आधार मिडिल स्कूल हरुमा पनि पाठ्यक्रम राष्ट्रिय शिक्षालयहरुमा पढाईने मा पाठ्यक्रम नै रही पढाई चालु हुने भएको छ।

आज्ञाले —
रामप्रसाद
सेक्रेटरी — शिक्षाविभाग

गोरखापत्र छापाखानामा मुद्रित। मेनेजर प्रेम राज शर्मा